# प्रेस विज्ञप्ती

यही २०७५ मङ्सिर ३, ४ र ५ गते नेपाल भौगर्भिक समाजले अन्र्तराष्ट्रिय स्तरको सम्मेलन (9th Nepal Geological Congress) को आयोजना काठमाडौँको होटेल याक एण्ड यतीमा गर्दैछ । उक्त कार्यक्रमको उद्घाटन सम्माननीय उपराष्ट्रपति श्री नन्दबहादुर पुनज्यू र समापन माननीय उद्योग वाणिज्य तथा आपूर्ति मन्त्री श्री मातृका प्रसाद यादवज्यू बाट हुँदैछ। उक्त सम्मेलनमा १५ देशको ४०० भन्दा बढि भूवैज्ञानिक, भूगर्भविद, इन्जिनियरिङ्ग भूगर्भविद, इन्जिनियर, वातावरणविद, प्राध्यापक, विद्यार्थी, खनिज एवम् खानी विशेषज्ञ र खानी संचालकहरुको उपस्थिती रहनेछ ।

नेपाल भौगर्भिक समाजको स्थापना वि.सं २०३७ सालमा भएको हो र स्थापनाकाल देखि नै नेपाल भौगर्भिक समाजले भुविज्ञान सम्बन्धि विभिन्न राष्ट्रिय एवम् अन्र्तराष्ट्रिय स्तरको सम्मेलन, कार्यशाला गोष्ठि, तालिम लगायतका वैज्ञानिक कार्यक्रमहरुको आयोजना सफलतापूर्वक सम्पन्न गरिसकेको छ । सोही क्रममा यही मङ्सिर ३, ४ र ५ गते नेपाल भौगर्भिक समाजले नवौं नेपाल भौगर्भिक कंग्रेसको आयोजना गर्न लागेको हो ।

यस सम्मेलनको प्रमुख शिर्षक **आर्थिक समृद्धि र दिगो विकासको लागि भूविज्ञान** रहेको छ भने भूविज्ञानको विभिन्न क्षेत्रलाई समावेश गर्ने २० वटा उप–शिर्षकहरु पनि यस कार्यक्रममा रहेका छन् । सोही शिर्षकहरुमा केन्द्रीत रही १५ देशका १५० भन्दा बढि भूवैज्ञानिक, भूगर्भविद्, इन्जिनियरिङ्ग भूगर्भविद, इन्जिनियर, खानी विशेषज्ञ तगायका विज्ञहरुबाट खानी तथा खनीज, जलविद्युत विकास, भूमिगत जल, सिंचाई, सुरुङ्ग निर्माण, पहिरो रोकथाम, भूकम्प प्रविधि, भौतिक पूर्वाधार निर्माण लगायतका विधामा भएको खोज तथा अनुसन्धानहरुको प्रस्तुती र अन्तरक्रिया रहनेछ ।

जटिल भौगर्भिक संरचना, कमजोर भू-बनोट तथा सक्रिय मनसुनका कारण एकातिर नेपाल बाढि, पहिरो, हिमताल विष्फोटन, भूकम्प आदी जस्ता प्राकृतिक प्रकोपहरु सँग जुधिरहेको छ भने अर्को तिर पहिचान भइसकेका तथा सम्भावित धातु तथा अधातुजन्य खनिज, प्राकृतिक ग्यास तथा पेट्रोलियम पदार्थहरु लगायतका खनिज सम्पदाहरुको अधिकतम सदुपयोग हुन नसक्दा खनिजजन्य पदार्थको आयातमा ठुलो धनराशी खर्च हुने गरेको यथार्थलाई हृदयंग गर्दै आयोजित यस सम्मेलनमा हुन लागेको अन्तरक्रिया र उक्त अन्तरक्रियाबाट प्राप्त हुने निष्कर्षहरुलाई समाजले आफ्नो नियमित रुपमा प्रकाशन हुने बुलेटीन र जर्नलहरुमा प्रकाशित गरी विभिन्न निकायहरुमा सुझावको रुपमा पेश गर्ने छ । यस सम्मेलनमा हुने अन्तरक्रिया र छलफलबाट प्राप्त भएका निष्कर्षहरु राष्ट्रको आर्थिक समृद्दि र दिगो विकास को लागि टेवा पुऱ्याउन सहयोगी सिद्द हुने आशा समाजले लिएको छ ।


**डा. कविराज पौड्याल**
अध्यक्ष
नेपाल भौगर्भिक समाज
सम्पर्क : ९८४१५२८८९१

**डा. कमलाकान्त आचार्य**
महासचिब
नेपाल भौगर्भिक समाज
सम्पर्क : ९८४९१२१८७७